थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश,नेपाल

# आ.व.२०८०/८१को लागि ढुंगा,गिट्टी,ग्रावेल,बालुवा उत्खनन्,संकलन तथा निकासी कर उठाउने सम्बन्धी ईबिडिङ बोलपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०५/२६

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा २ घ को (६) दफा ६४ उपदफा १(च) बागमती प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८ (१) र सो संग सम्वन्धित अनुसुची ६, बागमती प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ बमोजिम थाहा नगरपालिकाको तपसिलका नदीहरुको घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE)मा व्यवस्था भए अनुसार निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट थाहा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. २०८०/८१को मिति २०८०कार्तिक देखि २०८१ आषाढ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पुरा गरेका ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा को प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन थाहा नगरपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहायका ठेक्का शिलबन्दी बोलपत्र मार्फत बन्दोबस्त गनुपर्ने भएकाले प्रथम पटकको लागि यो बोलपत्र आह्वानको सूचना सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि वेवसाईट www.bolpatra.gov.np/epg मा गई टेण्डर डकुमेण्ट हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

तपशील

| सि.न | ठेक्का नं. | ठेक्काको विवरण | जम्मा उठाउन पाउने परिमाण | न्युनतम अंक (भ्याट वाहेक) | दर रेट | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-२०८०/८१ | ढुगां,गिट्टी,बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ३०,१९,५४४ क्युफिट | २७१७५९८६। (दुईकरोड एकहत्तर लाख पचहत्तर हजार नौ शय छयासी )मात्र | प्रति क्यूफिट· रु.९ | ५०००। | कबोल अंकको पांच प्रतिशत |

१. ठेक्का को बोलपत्र फारम पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालयसमय भित्र शिलबन्दी बोलपत्र फारम खरिद गर्न सकिने छ र बोलपत्र बुझाउ/दा खरिद भएकाबोल पत्र १६ औं दिनको १२:०० बजेसम्म दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोल पत्र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम कबोल अंकको पाच प्रतिशत रकम नगदै कृषि विकास बैंक पालङ शाखामा रहेको यसकार्यालयको धरौटी खाता नं. ०५०८४०११५५७३८०३० मा दाखिला गरेको भौचर वा कम्तिमा ९०. दिन म्याद भएको बैंक जमानीपत्र BID BOND संलग्न गरी रीत पूर्वक अपलोड गर्न सकिने छ ।

३. बोलपत्र दाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनुभन्दा चौबिस घण्टा अगाडी फिर्ता वा संशोधन गर्नसकिने छ । तर सि.न. १ को फिर्ता हुने छैन ।

४. ठेक्का अवधि २०८१असार मसान्त सम्म हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता लिईनेछ ।

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईन्द्रायणी चौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

६. बोलपत्र स्वीकृत भएको ७दिन भित्रमा नियमानुसार आय कर/मु.अ. दर्ता प्रमाणपपत्रको सक्कल लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधिमा भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ। दोस्रो पक्षको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन : बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ।

७.शिलबन्दी बोलपत्र विद्युतिय माध्यामबाट मात्र खरिद गर्न सकिने छ।कार्यालयबाट कुनैपनि टेण्डर फाराम विक्री हुने छैन। टेण्डर खरिद वापतको रकम नगदै कृषि विकास बैंक शाखा कार्यालय दामन मकवानुरको खाता नं. ०५०८४०११५५७३८१२१(फिर्ता नहुने गरि) जम्मा गरि टेण्डर खरिद गर्न सकिने छ

८. ठेक्का कबोल अंकको रकम ठेकेदारले ३ (तीन)किस्ता गरी बुझाउनु पर्नेछ। पहिला किस्ता सम्झौताको समयमा- कबोल अंकको ३० प्रतिशत, दोश्रो किस्ता २०८० पुष मसान्तसम्म-कबोल अंकका ४० प्रतिशत र अन्तिम किस्ता २०८१जेष्ठ मसान्तसम्म - कबोल अंकको ३० प्रतिशत बुझाई सक्नुपर्ने छ। किस्ताबन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगदै र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको (२०८१साउन) सम्झौता अवधिसम्मको परफरमेन्स वण्ड बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

९. बन्द हडताल,चक्काजाम,लगायत अन्य सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन।

१०. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रतिवाला रसिद ठेकेदार आफनै तर्फ बाट छपाई कार्यालयको प्रतिनिधीको प्रत्येक पानामा सही र कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं.दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ यस्तो रसिद ठेली एकपटकमा २५वटा भन्दा बढी हुने छैन लगेको ठेलीको ८० प्रतिशत ठेली र सोको हिसाब विवरण पेश गरेपछि मात्र नयां रसिद दिईनेछ।

११. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षितरहनेछ। बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फ बाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको बोलपत्रलाई बदर मानिने छ। साथै रित नपुगी वा म्यादनाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१२. बोलपत्रदाताले अदालत,नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति,निर्देशन,तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु बोलपत्र दाताको कर्तव्य एवम् दायित्व हुने छ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणवाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्ति दावि ठेकेदारले नागरपालिका संग गर्न पाउने छैन।

१३. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बांकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ। अशुल गर्न बाकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बांकी सरह अशुल उपर गरिनेछ।.

१४.ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। कर संकलन सम्बन्धि सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नुपर्ने छ।

१५. बालुवा,ढुंगा,गिट्टी उठाउने सन्दर्भमा प्रदेश अनुगमन समिति,जिल्ला अनुगमन समिति तथा समन्वय समिति र थाहा न.पा.बाट निर्देशन भए बमोजिम हुनेछ।

१६. कर, दस्तुर, शूल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।. सो वापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन।

१७.यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

१८.यस नगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था, प्रदेश आर्थिक ऐन २०७५ (बागमती प्रदेसको नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन।

१९.यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, कार्यपालिका तथा नगर सभाका निर्णयहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्। साथै नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ।

२०.खोलाको पुल,मल्भर्ट,कच्चे सडक बाटो कुलो तथा सार्वजनिक निर्माण स्थलबाट तल माथि ५००मिटर भित्र ढुंगा,गिटी,बालुवा आदि निकाल्न पाईने छैन।

२१.नदि,खोला, बगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरि संकलित सामान जम्मा गर्न पाईने छैन।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नारायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

२२.कामदारहरुका लागि प्राथमिक उपचार, मास्क, हेल्मेट आदिको व्यवस्थापन साथै कामदारको आवश्यक बीमा गराउने कार्य स्वयं संस्था/फर्म/कम्पनीले नै गर्नु पर्ने छ।

२३. बोलपत्र सम्वन्धि दररेट ,अन्य शर्त तथा विस्तृत जानकारीका लागि कार्यालयको फोन नं. ९८५५०१२१११ वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

२४.ढुंगा गिटी,वालुवा उठाउन हेविईक्युपमेण्टको प्रयोग गर्न पाईने छैन। यदि प्रयोग गर्नु पर्ने अवस्था भएमा नगर स्तरिय अनुगमन समितिको पूर्व स्वीकृति लिनु पर्ने छ।

२५. IEE ले तोके वमोजिमको मापदण्डमा गिटी,वालुवा ढुंगा उठाएको छ छैन सो को वडा स्तरीय अनुगमन समितिले अनुगमन गर्ने छ। मापदण्ड विपरित गिटी,वालुवा, ढुंगा उठाएको पाईएमा तत्काल कामबन्द गर्न लगाई नियमानुसार कारवाहि गरिने छ।
२६.ठेक्का कवोल गर्ने व्यत्ति,फर्म,संस्था वा कम्पनीले थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैले आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ । उक्त प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलव्ध नगराएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।
२७.ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।
२८.ठेकेदारले सम्झौतापत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालवस्तु वा दररेटमा उठाउन पाईने छैन । पट्टापूर्जिमा तोकिएको दर तथा तोकिएको सामग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।
२९.प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

३०.नगरकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयका कार्यालयवाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुवाट कुनै समस्या आइपरेमा नगरकार्यपालिकाको कार्यालय जवाफदेही हुनेछैन ।
३१.अदालतको आदेश–फैशलावाट मिनाहा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन र सम्झौतामा तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।
३२.राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा घाट राखी कर उठाउन पाईनेछैन ।
३३.ठेकेदारले नगरपालिकाको राजश्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व सकंलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ ।

राजश्व शाखा

थाहा नगरपालिका मकवानपुर

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चित्लाङ चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईन्द्रायणी चौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

## दामन रिसोर्ट ठेक्काबाट संञ्चालन सम्बन्धी १५ दिने बोलपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मितिः२०८०/०५/२६

थाहा नगरपालिकाबाट **स्थानीय सरकार सञ्चालन ऐन,२०७४** को परिच्छेद ९ तथा पर्यटकीय स्थल,पार्कहरु लिजमा दिई सञ्चालन गराउने सम्बन्धी कार्यविधी, २०७९मा व्यवस्था भए बमोजिम आ.व.२०८०/०८१देखि २०वर्षको लागि दामन भ्युटावर समेत एकमुष्ठ बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति वा संस्थाले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नु हुन यसै सूचनाबाट जानकारी गरिएको छ

<u>शर्तहरुः</u>

१. बोलपत्र उल्लेखित दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

२.बोलपत्र १६औ दिनको १२बजे सम्म दर्ता गराउन सकिने छ ।

३. १६औ दिनको २.००बजे नगरपालिकामा स्टिमबाट बोलपत्र खोलिने छ ।

४. बोलपत्र दाता स्वयंम वा निजको प्रतिनिधी र कार्यालयको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा स्टिमबाट बोलपत्र खोलिने छ ,बोलदाता वा निजको प्रतिनिधी उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत(पाँच प्रतिशत) रकम यस कार्यालयको कृषि बिकास बैंकको धरौटी खाता नं.०५०८४०११५५७३८०३०मा जम्मा गरेको सक्कलै भौचर संलग्न राख्नुपर्नेछ ।

६. बोलपत्रमा आफुले कबुल गरेको अंक र अक्षर दुवै स्पष्ट रुपले उल्लेख गर्नुपर्ने छ ,केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. गोप्य शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुने छ ।

८. बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजश्व कार्यालयमा होटल,फर्म दर्ता भई आ.व.२०७८/७९को कर चुक्ता भएको हुनु पर्ने छ र ,फर्म नविकरण भएको पेश गर्ने होटल फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी स्थानिय फर्मको हकमा व्यवसाय करको प्रमाणपत्रको प्रतिलिपी मूल्य अभिवृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य संलग्न हुनुपर्ने छ,साथै बोलदाताको नागरिकता प्रमाणपत्र,एकिकृत सम्पत्ति कर तथा अन्य व्यवसाय भए सो को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

९.म्याद नाघि आएको वा रित नपुगेको वा कुनै शर्त राखि पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०.धरौटी बाहेक २० प्रतिशत बराबरको रकम दाखिला गरि बाँकी किस्ता रकम बराबरको कार्य सम्पादन जमानत (Performance Bond )गरेको एक वर्ष म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नु पर्ने छु ।बैंक ग्यारेण्टी पेश गर्ने बोलपत्रदाताले प्रत्येक आ.व.को बैशाख मशान्त भित्र पुनः एक वर्ष बैक ग्यारेण्टी पेश गर्नु पर्ने छ । प्रत्येक आर्थिक वर्षको वैशाख मशान्त भित्र बैंक ग्यारेण्टी पेश नगरे ठेक्का सम्झौता स्वतः भंग भएको मानी पुःन ठेक्का बन्दोवस्त गर्न सूचना प्रकाशित गरिने छ ।

११. ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुने र दुबै पक्षलाई मान्य हुने छ।

१२. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात)दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ।

१३. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७(सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन, नियम र कानून बमोजिम हुने छ ।

१४. सम्झौता गर्दा किस्ता २५%बुझाई बाँकी रहेको किस्ता मध्ये पहिलो किस्ता ३०% ५वर्षमा दोश्रो किस्ता ३०% सम्झौता अवधीको १२ वर्ष भित्र बाँकी सम्झौता अवधीको १९बर्ष भित्रर १५% रकम बुझाउनु पर्नेछ ।तोकिएको अबधी भित्र बार्षिक किस्ता बुझाई नविकरण गर्नु पर्ने छ नबुझाएमा ठेक्का तोडी नियमानुसार हर्जना सहित कारवाही गरिने छ ।

१५. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाह,छुट हर्जना, सहुलियत माग गर्न पाउने छैन ।

१६.बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७(सात)दिन भित्र कबुलियत गरी चलन पुर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार घटिवाला सँग ठेक्का सम्झौता गर्न सकिने छ ।

१७. नगरपालिकाको कुनै प्रकारको बाँकी बक्यौता रहेको व्यक्ति वा फर्म वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैन ।

१८. जमानत पत्र पेश गर्ने बोलपत्रदाताले प्रत्येक आर्थिक वर्षको जेठ मशान्त भित्र पुनः एक वर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नु पर्ने छ । प्रत्येक आ.व.को जेठ मशान्त भित्र बैंक जमानत पत्र पेश नगरे तपाई सँग भएको ठेक्का सम्झौता स्वतः भंग भएको मानी पुनः ठेक्काबन्दोबस्त गर्न सूचना प्रकाशित गरिने छ ।

१९. तोकिएको शर्त पालना नभएमा, नियमविपरित कुनै कार्य गरेमा वा परिस्थतिजन्य कारणबाट ठेक्का तोड्नुपर्ने भएमा नगरपालिकाले कम्तिमा ७दिनको सूचना दिनेछ । सूचना अनुरुप दायित्व जिम्मेवारी राफसाफ गरि तोकिएको म्याद भित्र स्थल खाली गरिदिनु पर्ने छ ।

२०.हाल कायम रहेको संरचना मर्मत गरि सञ्चालन गर्न चाहेमा सञ्चालनकर्ताले आफ्नै खर्चमा व्यवस्थित गर्न सक्नेछ ।

२१.लिजस्थलमा नयाँ संरचना निर्माण गरि व्यवसाय सञ्चालन गर्न चाहेमा नगरपालिकाले तोकिएको नक्शा डिजाईन अनुरुप गर्नुपर्ने छ ।व्यवसायीले आफ्नो डिजाईन अनुरुप संरचना निर्माण गर्न चाहेमा प्रचलित नक्शा डिजाईन नगरपालिकाबाट स्वीकृत गरी अनुमति लिएर मात्र गर्नुपर्नेछ ।

२२.हालको संरचना सामान्य हेरफेर गरि व्यबस्थित गर्न सकिने छ तर भ्यूउटावरलाई पुनःनिर्माण गरबा संरचना भत्काएर नयाँ निर्माण गर्न पाईने छैन। यस्तो गर्दा लिज क्षेत्रबाट भत्काई सामाग्री बाहिर लान पाईने छैन ।

२३.सडक विस्तार लगायत जुनसुकै कारणबाट निर्मित संरचना भत्काउनुपर्ने भएमा लिजकर्ताले कुनै दावी गर्न पाउने छैन ।
२४.पार्किङक्षेत्र व्यवस्थापन सम्बन्धी कार्य लिजकर्ता स्वयंमले गर्नु पर्नेछ ।

२५.लिजको म्याद समाप्त भैसकेपछि वा लिजकर्ताले निर्माण गरेका संरचनाको स्वामित्व स्वतः नगरपालिकाको हुने छ । सो वापत नगरपालिकाले भुक्तानी गर्नु पर्ने गरी कुनै आर्थिक दायित्व सिर्जना हुने छैन ।

२६.नगरपालिकाले तोकेको बाहेकको व्यवसाय गर्न नपाईनुका साथै Sub-Leaseमा दिन पाईने छैन ।

२७.विद्युत महशुल र पानी महशुल बोलपत्रदाताले नै बुझाउनु पर्ने छ

२८.रिसोर्ट सुरक्षाको लागि मूलगेटमा पालेको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंयमले नै गर्नु पर्ने छ ।

२९.नियमानुसार तिर्नु पर्ने सबै किसिमको करहरु ठेकेदारले स्वयमले नै सम्बन्धित निकायमा तिर्नु पर्ने छ ।

३०.कुनै विवाद वा अस्पष्टता भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

तपशिलः

| ठेक्का नं. | ठेक्काको किसिम | ठेक्काको अबधी | न्युनत्तम अंक | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| २-२०८०-८१ | दामन रिसोर्ट तथा भ्युटावर सञ्चालन | २०वर्ष | १ करोड | ५००० |

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रायणी चौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत